२०८२

# एक महिने प्रमाणीकरण तालिम पाठ्यक्रम

# प्रारम्भिक बाल विकास तथा शिक्षा

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## विषयसूची


| क. स· | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २. | सक्षमता | २ |
| ३. | तालिमको संरचना | २ |
| ४. | तालिमका विषयवस्तु | ४ |
| ५. | तालिम कार्यान्वयन कार्यविधि | १२ |
| ६. | मूल्याङ्कन | १४ |
| ७. | परियोजना कार्य | १७ |

# १. परिचय

शिक्षकको पेसागत विकासअन्तर्गत शिक्षक तालिम एक महत्त्वपूर्ण पक्ष हो । शिक्षकहरूको कार्यदक्षतामा सुधारका लागि आफूले शिक्षण गर्ने विषयमा निरन्तर पेसागत सहयोगको आवश्यकता पर्दछ । विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारूप, २०७६ मा चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको सर्वाङ्गीण बालविकासको अवसरसहित सिकाइ प्रदान गरिने व्यवस्था उल्लेख गरिएको छ । विद्यालय तहमा कार्यरत शिक्षकको पेसागत क्षमता विकासका लागि बालविकास कक्षाका शिक्षकको क्षमता विकासको काम पनि स्वीकृत शिक्षक पेसागत विकास ढाँचाबमोजिम सञ्चालन गर्नु आवश्यक छ । तसर्थ प्रारम्भिक बालविकास कक्षाका शिक्षकको क्षमता अभिवृद्धि गर्न शिक्षक पेसागत विकास प्रारूप, २०८० को मर्मबमोजिम प्रारम्भिक बाल विकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ का आधारमा यो एक महिने प्रमाणीकरण तालिम पाठयक्रम विकास गरिएको हो ।

यस तालिम पाठयक्रममा ४८ देखि ६० महिनासम्मका बालबालिकाहरूको विकास तथा सिकाइ मापदण्डलाई मुख्य विषयवस्तुका रूपमा छनोट गरिएको छ । यस पाठ्यक्रममा प्रारम्भिक बाल विकास तथा शिक्षाको पाठ्यक्रमको अध्ययन, सिकाइ सहजीकरणमा प्रयोग गरिने विधि, सामग्री र प्रविधिको प्रयोग, कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत विकासका विधिहरू, पाठ अध्ययन र अभ्यास, कार्यमूलक अनुसन्धान तथा विद्यार्थी मूल्याङ्कनसम्बद्ध विषयवस्तु समावेश गरिएका छन् । शिक्षकको आवश्यकतासमेतका आधारमा समावेश गरिएका विषयवस्तुहरूलाई सक्रिय सिकाइका विधि तथा तरिकाहरूको अवलम्बन गरी कार्यशाला तथा परियोजना विधिमा आधारित भएर शिक्षकको पेसागत विकास गरिने छ ।

## २. सक्षमता

प्रारम्भिक बाल विकास तथा शिक्षाको तालिमपश्चात् शिक्षकहरूमा निम्नअनुसारका सक्षमता हासिल हुने छन् :

(क) प्रारम्भिक बालविकासको अवधारणा बोध र महत्त्व वर्णन

(ख) प्रारम्भिक बालविकास पाठ्यक्रमको संरचनाको बोध र सक्षमताको पहिचान

(ग) बालबालिकाहरूको विकासात्मक क्षेत्रहरूको विस्तृत जानकारी तथा प्रयोग

(घ) प्रारम्भिक बालविकास कक्षाको भित्री र बाहिरी वातावरण व्यवस्थापन

(ङ) बालबालिकाको उमेर, मनोभावना, क्षमता र अभिरुचिअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन सिप विकास

(च) बालविकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको बोध र भूमिका पहिचान

(छ) एकीकृत शिक्षण सिकाइको अवधारणा बोध तथा सिकाइ योजना निर्माण र प्रयोग

(ज) विषयगत तथा विकासात्मक सिप विकास लागि शैक्षणिक सामग्री निर्माण, उपयोग र संरक्षण

(झ) बालबालिकाको सिकाइ तथा विकास मापदण्डमा आधारित मूल्याङ्कन, उपचारात्मक शिक्षण र अभिलेखीकरणका साधनको प्रयोग

(ञ) शिक्षकको पेसागत विकासका विधिको उपयोग

## ३. तालिमको संरचना

- प्रमाणीकरण तालिम ३० कार्य दिनको हुने छ।
- ३० कार्यदिनलाई १५/१५ कार्यदिन हुने गरी दुई खण्डमा विभाजन गरिने छ।
- पहिलो खण्डको १५ कार्य दिने तालिम आमनेसामने (Face to face), अनलाइन (Online) तथा मिश्रित (Blended) पद्धतिमा आधारित भई

समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरूको प्रयोग गरिने छ ।

- दोस्रो खण्डको १५ कार्य दिने विद्यालयमा आधारित तालिमको क्रियाकलापहरू पहिलो खण्डको तालिम समाप्त भएको मितिले ६० दिनभित्र तल तालिकामा दिइएका कार्यहरू सम्पन्न गर्नुपर्ने छ र सम्पादन गरेका कार्यहरूको विस्तृत प्रतिवेदन तयार गरी शिक्षा तालिम केन्द्रले निर्धारण गरेको मितिमा अनिवार्य रूपमा प्रस्तुतीकरण गर्नुपर्ने छ।

**विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू :**

| **क्र.स.** | **क्रियाकलाप** | **भार (कार्यदिन)** |
|---|---|---|
| १. | कम्तीमा १० ओटा पाठयोजनासहित अभ्यास शिक्षण | ३ |
| २. | शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) | २ |
| ३. | कार्यमूलक अनुसन्धान | २ |
| ४. | पाठ अध्ययन अभ्यास (Lesson Study Practice) कार्यान्वयन, प्रतिबिम्बन र सुधार (योजना) | २ |
| ५. | सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग | २ |
| ६. | सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग | २ |
| ७. | पन्ध्र दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या छसम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य | २ |
| **जम्मा दिन** | | **१५** |

## ४. तालिमका विषयवस्तु

| क्र.स. | विषयवस्तु | विषयस्तुको विस्तृतीकरण | सत्र |
|---|---|---|---|
| १. | बालविकास नीति तथा कार्यक्रम | • कानुनी तथा नीतिगत व्यवस्थाः नेपालको संविधान, शिक्षा ऐन तथा नियमावली, आवधिक योजनालगायतका दस्तावेजमा बालविकाससम्बन्धी प्रावधानको सङ्क्षेपीकरण<br>• प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७ -८८ को जानकारी<br>• प्रारम्भिक बालविकास तथा शिक्षाको वर्तमान पाठ्यक्रमको प्रावधान<br>• प्रारम्भिक बालबिकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डको प्रावधान | २ |
| २. | प्रारम्भिक बालविकासको अवधारणा | • बालविकासको अवधारणा र महत्त्व<br>• प्रारम्भिक बालविकासका सिद्धान्त<br>• बालविकासका पक्ष र चरणहरू<br>• Nurturing Care Framework (NCF) मा आधारित बालविकासका बहुआयामिक पक्षको जानकारी | १ |
| ३. | ४८ देखि ६० महिनाका बालबालिकाहरूको सर्वाङ्गीण विकास | **१. शारीरिक विकास**<br>(क) बालबालिकाको स्थुल अङ्गहरूको विकासका लागि गर्नुपर्ने क्रियाकलापहरू<br>(ख) बालबालिकाको सूक्ष्म अङ्गहरूको विकासका | ३ |

| | | | |
|---|---|---|---|
| | र सिकाइ | लागि गर्नुपर्ने क्रियाकलापहरू<br>(ग) बालबालिकाको ज्ञानेन्द्रियहरू (Sensory motor Skills) को विकासका लागि गर्नुपर्ने क्रियाकलापहरू<br>**२. सांस्कृतिक विकास**<br>(क) विविधतामा एकता र फरक फरक संस्कृतिको जानकारी<br>(ख) परिवार र समुदायको मूल्य र मान्यता (Values)<br>(ग) प्राकृतिक एवम् सांस्कृतिक सम्पदाको सम्मान<br>(घ) राष्ट्र र राष्ट्रियता | |
| | | **३. सामाजिक विकास**<br>(क) समकालीन बालबालिका तथा वयष्कहरूसँगको सम्बन्ध<br>(ख) जीवनउपयोगी सिपहरू<br>(ग) सहयोगी भावना र व्यवहारको विकास<br>**४. संवेगात्मक विकास**<br>(क) स्वअवधारणा (Self Concept) को विकास<br>(ख) विविध संवेगहरूको प्रकट (Expression of emotions)<br>(ग) संवेगात्मक सुरक्षा र आत्मविश्वासको विकास (Emotional security and confidence)<br>(घ) संवेगको सन्तुलन (Self control and balance) | ३ |

| | | | |
|---|---|---|---|
| | | **५. बौद्धिक विकास**<br>(क) संज्ञानात्मक विकास र बौद्धिक सिप तथा सिकाइ प्रक्रिया (Intellectual development/ Cognitive skills and learning process)<br>(ख) वर्गीकरण तथा क्रमबद्धता (Classification and ordering) आकारप्रकार र वस्तुअनुसार वर्गीकरण तथा क्रमबद्धता मिलाउने सिपको विकास<br>(ग) वैज्ञानिक ज्ञान/वस्तुहरू (पदार्थ) (Scientific knowledge/Materials)<br>(घ) वैज्ञानिक खोज/प्रविधि (Scientific exploration/Technology)<br>(ङ) वैज्ञानिक खोज/यातायात (Scientific exploration/Transportation)<br>(च) वैज्ञानिक खोज/आकाश तथा मौसम (Scientific exploration/Sky and weather)<br>(छ) वैज्ञानिक खोज/सजीव र निर्जीव वस्तुहरू (Scientific exploration/Living and non-living things)<br>(ज) बौद्धिक ज्ञानर दुरी तथा दिशा (Scientific knowledge/Distance and direction)<br>(झ) समयको अवधारणा (Concept of time)<br>(ञ) रङको अवधारणा (Concept of colors)<br>(ट) आकारको अवधारणा (Concept of shape)<br>(ठ) पूर्वगणितीय अवधारणा एवम् गणितीय ज्ञान (Pre-Mathematical concept- This will include concept of Size, Length, Weight, Height, Thickness, Width, Quantity, | ४ |

| | | | |
|---|---|---|---|
| | | Distance)<br>(ड) नापतौल (Measurement)<br>(ढ) सिर्जनात्मक कला (Creative Art)<br>(ण) सिर्जनशिलता/ परिकल्पना नाटक तथा अभिनय (Creativity/ Imagination, drama and play)<br>(त) सिर्जनशिलता/सङ्गीत र चाल (Creativity/Music and movement)<br>(थ) तार्किक सोचाइ (Logical thinking)<br>(द) समस्या समाधान (Problem solving) | |
| | | **६. भाषिक विकास**<br>(क) सुनाइ सिपको विकास<br>(ख) बोलाइ सिपको विकास (अन्य व्यक्तिसँग अन्तरक्रिया र सञ्चार)<br>(ग) पूर्व पढाइको अभ्यास<br>(घ) पूर्व लेखाइको अभ्यास | २ |
| ४. | स्वास्थ्य, पोषण, सुरक्षा र स्याहार | • व्यक्तिगत र वातावरणीय सरसफाइ, खोप, बाल रोगसम्बन्धी बाल स्वास्थ्यको अवधारणा र बालबालिकाको स्वास्थ्य सेवाको सूची तयारी<br>• तौल तथा उचाइ मापन तथा अभिलेखीकरण<br>• पोषणको अवधारणा र खाजा तालिका<br>• मनोसामाजिक तथा शारीरिक सुरक्षा र स्याहार | ३ |
| ५. | बाल विकास केन्द्र तथा कक्षा | **२. शिक्षकमा कक्षा व्यवस्थापन सिप** | ३ |

| | | | |
|---|---|---|---|
| | व्यवस्थापन | (क) बालबालिकाको सिकाइअनुकूल वातावरण सिर्जना गर्ने सिप<br>(ख) सकारात्मक व्यवहार प्रवर्धन गर्ने सिप<br>(ग) समावेशी सिकाइ व्यवस्थापन सिप : समूहकार्य, सिर्जनशीलता, सकारात्मक हौसला (Positive reinforcement) तथा समालोचनात्मक सिप<br>(घ) विविधता व्यवस्थापन<br>(अ) अपाङ्गता पहिचान र सिकाइ सहजीकरण<br>(आ) आपत्कालीन अवस्थाको व्यवस्थापन<br>(ङ) न्यूनतम मापदण्डमा आधारित कक्षा व्यवस्थापन अभ्यास | |
| ६. | प्रारम्भिक बाल विकास शिक्षकका गुण र सहजीकरण सिप | १. प्रारम्भिक बाल विकास शिक्षकमा हुनुपर्ने गुण<br>३. सिकाइ सहजीकरणका विधि तथा तरिका<br>(क) दैनिक कक्षा सञ्चालनका लागि विषयवस्तुको पहिचान तथा कार्यतालिका तयारी<br>(ख) विषयवस्तुमा आधारित दैनिक कार्यतालिकाअनुरूप कक्षा सञ्चालनका विधि<br>(ग) खेल, कथा, कविता, अभिनय, नाटक, गायन, नृत्य, खोज तथा अन्वेषण, भ्रमण, स्थलगत अध्ययनका आधारमा कक्षा सहजीकरणको नमुना प्रदर्शन | ३ |

| | | | |
|---|---|---|---|
| ७. | शैक्षणिक तथा सन्दर्भ सामग्री | • प्रारम्भिक बाल विकास तथा शिक्षामा सिकाइ सहजीकरणका लागि स्थानीय सिकाइ सामग्री विकास सहयोगी पुस्तिकाको चिनारी<br>• शिक्षण सिकाइमा स्थानीय सामग्रीको पहिचान, सङ्कलन, निर्माण, र उपयोग<br>• न्यूनतम मापदण्डमा आधारित शैक्षणिक सामग्रीहरू<br>• भाषा, पूर्वगणित, वातावरण र विज्ञान, सिर्जना तथा कला, अभिनयात्मक, निर्माण सिकाइ क्षेत्रअनुसारका सामग्री निर्माण र उपयोग<br>• सामग्रीहरूको प्रदर्शन, संरक्षण, भण्डारण र अभिलेखीकरण<br>• प्रारम्भिक बालविकास कक्षामा सन्दर्भ सामग्रीहरू<br>(क) कथाका पुस्तक<br>(ख) चित्रात्मक पुस्तिका<br>(ग) श्रव्यदृष्य सामग्रीहरू | ६ |
| ८. | सिकाइमा नवप्रवर्तन | १. प्रारम्भिक बालविकास कक्षामा उपयोग हुने सूचना, सञ्चार, तथा नवीनतम प्रविधिको पहिचान र प्रयोग<br>• ECED portal<br>• ECED related Apps<br>• Creative audio and videos | ३ |

| | | | |
|---|---|---|---|
| | | २. गुणस्तरीय प्रारम्भिक बालविकास कक्षा सञ्चालन सहयोगका लागि सञ्जाल<br>(क) सिकाइ सञ्जाल (Learning Network)<br>(ख) मोबाइल मिटिङ (Mobile meeting) | |
| ९. | शिक्षण योजना र शिक्षण अभ्यास | • एकीकृत शिक्षण सिकाइको अवधारणा तथा विषयवस्तुमा आधारित शिक्षण<br>• एकीकृत शिक्षण सिकाइका लागि वार्षिक, मासिक, साप्ताहिक र दैनिक कार्ययोजना तथा कार्यतालिका निर्माण<br>• नमुना पाठ प्रस्तुति र सूक्ष्म शिक्षण अभ्यास | ३ |
| १०. | प्रारम्भिक बालविकासमा सहकार्य | • अभिभावकसँगको सहकार्य<br>• समुदायसँगको सहकार्य<br>• विभिन्न सरोकारवालासँगको सहकार्य | १ |
| ११. | निर्माणात्मक मूल्याङ्कन र अभिलेखीकरण | • बालबालिकाको विकास तथा सिकाइमा उपयोग गरिने मूल्याङ्कन र उपचारात्मक शिक्षण<br>• मूल्याङ्कनका साधन<br>• (पोर्टफोलियो, रुजुसूची, अवलोकन, अभिलेखीकरण)<br>• सिकाइ तथा विकास प्रगति फारामको प्रयोग | २ |

| | | | |
|---|---|---|---|
| १२. | शिक्षक पेसागत विकासका विधि | • शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण) २०८० अनुसार शिक्षक पेसागत विकासका विधिको परिचय र पेसागत विकासमा अवलम्बन<br>• शिक्षकको पठन संस्कृति र जीवनपर्यन्त सिकाइका पक्षहरू<br>• बालबालिका केन्द्रित क्रियाकलापको चयन र प्रयोग | १ |
| १३. | पाठ अध्ययन (Lesson Study) | • पाठ अध्ययन (Lesson Study) को अवधारणf र अभ्यास | १ |
| १४. | कार्यमूलक अनुसन्धान (Action Research) | • कार्यमूलक अनुसन्धान (Action Research) को अवधारणा र अभ्यास | २ |
| १५. | परीक्षा र परियोजना कार्य | • सहभागीको परीक्षा<br>• परियोजना कार्यको अभिमुखीकरण | १. |
| १६. | कार्ययोजना र मूल्याङ्कन | • कार्ययोजना निर्माण<br>• तालिम मूल्याङ्कन | १ |
| | | **जम्मा सत्र** | ४५ |

## ५. तालिम कार्यान्वयन कार्यविधि

- यस तालिमको लक्षित समूह बालविकास कक्षामा अध्यापनरत यस अगि प्रमाणीकरण तालिम नलिएका शिक्षकहरू हुने छन् ।
- प्रदेशस्थित शिक्षा तालिम केन्द्रमार्फत सञ्चालन हुने यस प्रमाणीकरण तालिमका सहभागीहरू स्थानीय तहबाट छनोट भएका हुने छन् ।
- शिक्षक पेसागत विकासका लागि प्रमाणीकरण तालिम शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम र सोका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र वा शिक्षा तालिम केन्द्रबाट विकास गरिएका प्रशिक्षक निर्देशिका, प्रशिक्षार्थी स्रोत सामग्री र अन्य आवश्यक सामग्रीका आधारमा सञ्चालन गरिने छ ।
- शिक्षा तालिम केन्द्रले प्रमाणीकरण शिक्षक तालिम सञ्चालन गर्दा स्थानीय आवश्यकतालाई समेट्ने गरी स्वीकृत तालिम पाठ्यक्रममा २०% सम्म विषयवस्तु अनुकूलन गरी सञ्चालन गर्न सक्ने छन् ।
- यस तालिमसम्बन्धी प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका प्रदेश शिक्षा तालिम केन्द्रका प्रशिक्षक वा रोस्टर प्रशिक्षकबाट तालिम सत्र सहजीकरण गरिने छ ।
- तालिमका सत्र सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नुपर्ने छ ।
- तालिमका लागि आवश्यक सामग्रीहरू तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्ने छ ।
- सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि उपयोग गर्न सकिने छ :
  - ➢ साझा तथा खुला मञ्चहरूको प्रयोग
  - ➢ समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरू

- ➢ स्वाध्यायन विधि
- ➢ अनुसन्धानात्मक विधि
- ➢ प्रतिबिम्बात्मक विधि
- ➢ परियोजना विधि
- ➢ दूर सिकाइ विधि
- ➢ अन्तरक्रिया तथा छलफल विधि
- ➢ प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
- ➢ जोडी कार्य तथा समूह कार्य विधि
- ➢ समस्या समाधान

- एक महिने प्रमाणीकरण तालिमको दोस्रो खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्न सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलतः प्रत्येक प्रशिक्षार्थीको दायित्व हुने छ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा इमेल वा फोनमार्फत वा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ ।

- तालिमको अन्त्यमा शिक्षक पेसागत विकास प्रारूप (परिमार्जन संस्करण), २०८० अनुसार मूल्याङ्कन र प्रमाणीकरण गरिने छ । तालिमको प्रमाणीकरणपश्चात् सम्बन्धित शिक्षा तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

## ६. मूल्याङ्कन

(क) तालिममा सहभागी शिक्षकको मूल्याङ्कनको कुल भार १०० अङ्कको हुने छ।

(ख) मूल्याङ्कनका आधार र अङ्क विभाजन तलको तालिकामा उल्लेख भएअनुसार हुने छ।

| क्र.स. | मूल्याङ्कनका आधार | अङ्क |
|---|---|---|

| | | |
|---|---|---|
| पहिलो खण्ड आमनेसामने :, अनलाइन तथा मिश्रित (Blended) पद्धतिमा आधारित कार्यशाला | | |
| १. | सहभागिता | १५ |
| १.१ | उपस्थिति | ३ |
| १.२ | छलफल तथा प्रस्तुतीकरणमा सक्रियता | ६ |
| १.३ | आचारसंहिताको पालना | ३ |
| १.४ | तालिमप्रतिको प्रतिबद्धता | ३ |
| २. | लिखित परीक्षा | ३० |
| ३. | विद्यालयमा आधारित तालिमका क्रियाकलाप सञ्चालनका लागि कार्ययोजना निर्माण | ५ |
| | जम्मा | ५० |
| दोस्रो खण्ड विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू : | | |
| १. | कार्यसम्पादन | २१ |
| २. | प्रतिवेदन | २१ |
| ३ | प्रस्तुतीकरण | ८ |
| | जम्मा | ५० |
| **दुवै खण्डको कुल जम्मा** | | **१००** |

(ग) तालिममा अनुपस्थित रहँदा प्रति सत्र ०.५ अङ्क घटाइने छ र तीन सत्र वा सोभन्दा बढी अनुपस्थित हुने सहभागीको तालिम पूरा नभएको मानिने छ।

(घ) तिस अङ्कको लिखित परीक्षाका लागि १० ओटा बहुवैकल्पिक प्रश्नमा ५ अङ्क, ५ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नमा १५ अङ्क र २ ओटा लामो उत्तरको प्रश्नमा १० अङ्क छुट्याइने छ । परीक्षणको वैधताका लागि तालिम पाठ्यक्रम समेट्ने गरी विशिष्टीकरण तालिका निर्माण गरी प्रश्न पत्र निर्माण गरिने छ ।

(ङ) शिक्षकले तोकिएका कार्यहरू विद्यालयका प्रधानाध्यापकसँगको समन्वय, सहकार्य, सहयोग र सहजीकरणमा सम्पादन गर्नुपर्ने छ ।

(च) शिक्षकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन सम्बन्धित विद्यालयका प्रधानाध्यापकबाट र प्रधानाध्यापकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन स्थानीय तहको शिक्षा शाखा वा शाखाले तोकेको विज्ञबाट प्रमाणित गरेको हुनुपर्ने छ।

(छ) विद्यालयमा आधारित तालिम क्रियाकलापको मूल्याङ्कनका आधारहरू निम्नबमोजिम हुने छः

| **क.स.** | **क्षेत्र** | **मूल्याङ्कनका आधार** | **अङ्क** |
|---|---|---|---|
| १. | कार्यसम्पादन | १. कम्तीमा १० ओटा पाठयोजनासहित अभ्यास शिक्षण<br>२. शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP)<br>३. कार्यमूलक अनुसन्धान<br>४. पाठ अध्ययन अभ्यास (Lesson Study Practice)<br>५. सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग<br>६. सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग<br>७. १५ दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या छसम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य | ७ × ३ = २१ |
| २. | प्रतिवेदन | प्रतिवेदनको गुणस्तरीयता<br>१. ढाँचा | ७ ओटा प्रतिवेदन |

| | | | |
|---|---|---|---|
| | | २. विषयवस्तुको प्रस्तुति<br>३. विश्वासनीय प्रमाणहरू | × ३ = २१ |
| ३. | प्रस्तुतीकरण | १. आत्मविश्वास<br>२. प्रस्तुतीकरण शैली<br>३. तर्कपूर्ण अभिव्यक्ति<br>४. प्रतिबिम्बन | ८ |

(ज) सहभागीले प्राप्त गरेको अङ्कलाई निम्नअनुसार श्रेणी विभाजन गरिने छः

| क्र.स. | श्रेणी | अङ्क |
|---|---|---|
| १. | विशिष्टतासहितको प्रथम श्रेणी | ९० र सोभन्दा माथि |
| २. | प्रथम श्रेणी | ८० देखि ९० अङ्कभन्दा कम |
| ३. | द्वितीय श्रेणी | ६५ देखि ८० अङ्कभन्दा कम |
| ४. | तृतीय श्रेणी | ५० देखि ६५ अङ्क भन्दा कम |
| ५. | अनुत्तीर्ण | ५० भन्दा कम अङ्क |

(झ) तालिममा सफल हुन दुवै खण्डमा कम्तीमा ५०/५० प्रतिशत अङ्क प्राप्त गर्नुपर्ने छ।

## ७. परियोजना कार्य

दोस्रो खण्डका लागि विद्यालयमा आधारित परियोजना कार्यहरू निर्धारण गरिएका छन् । प्रत्येक परियोजनाको परिणामका (Output) रूपमा प्रत्येक प्रशिक्षार्थीले अलग अलग प्रतिवेदन शिक्षा तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा प्रस्तुतीकरणा गरी पेस गर्नुपर्ने छ :

**परियोजना कार्य १ः पाठयोजनामा आधारित शिक्षण अभ्यास**

- कम्तीमा फरक फरक १० ओटा पाठयोजना तयारी गर्ने
- प्रत्येक पाठयोजनाका आधारमा शैक्षणिक सामग्री विकास गर्ने
- प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गर्ने
- पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गर्ने

- विद्यार्थीको सिकाइको अवस्था तथा आफ्नो सिकाइ सहजीकरण अनुभव समेटी प्रतिवेदन तयार गर्ने

नोट : यस कार्यअन्तर्गत अन्य परियोजना कार्यले नसमेटेका विषयवस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने

**परियोजना कार्य २ : शिक्षण सुधार योजना (Teaching Improvement Plan- TIP)**

- शिक्षकले आफ्नो शिक्षण सुधारका लागि प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि दिइएको ढाँचामा शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) र सोको कार्यान्वयनको उपलब्धि प्रतिवेदन तयार पार्नेः

**शिक्षण सुधार योजना (TIP)**

शिक्षकको नाम :.........................................

विद्यालयको नाम :........................................................

योजना अवधि २०८ :..................... महिनादेखि २०८ ..................... महिनासम्म

| **क्र.स.** | **सूचक** | **मौजुदा स्थिति (Baseline)** | **अपेक्षित लक्ष्य** | **लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरू** |
|---|---|---|---|---|
| १. | विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क | | | |
| (क) | कक्षा ............<br>विषय ............. | | | |
| (ख) | कक्षा ............<br>विषय ............. | | | |
| २. | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति न्यूनबाट उच्च ) तहको दरमा १, २, ३, ४ | | | |

| क्र.स. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरू |
|---|---|---|---|---|
| | मा मापन गर्ने | | | |
| ३. | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | |
| ४. | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति न्यूनबाट उच्च तहको ) दरमा १, २, ३, ४ मा मापन गर्ने( | | | |
| ५. | प्रशिक्षक/रोस्टर प्रशिक्षक/शिक्षा अधिकृत/प्रधानाध्यापकबाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (तालिम अवधिभर) | | | |

.................. .................. .................. ..................

मिति शिक्षकको दस्तखत प्रअको दस्तखत विद्यालयको छाप

**शिक्षण सुधार योजना (TIP) उपलब्धि प्रतिवेदन**

शिक्षकको नाम :..........................................

विद्यालयको नाम :......................................................

योजना अवधि २०८ :............ महिनादेखि २०८ ..........................महिनासम्म

| क्र. सं. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिएका मुख्य कार्यहरू | प्रगति | कार्यसम्पादनको अनुभव |
|---|---|---|---|---|---|---|
| १. | विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क | | | | | |
| (क) | कक्षा ...........<br>विषय ............ | | | | | |
| (ख) | कक्षा ...........<br>विषय ............ | | | | | |
| २. | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति न्यूनबाट उच्च ) तहको दरमा १, २, ३, ४ मा मापन गर्ने | | | | | |
| ३. | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको | | | | | |


| क्र. सं. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिएका मुख्य कार्यहरू | प्रगति | कार्यसम्पादनको अनुभव |
|---|---|---|---|---|---|---|
| | शिक्षण गरेको पाठ सङ्ख्या | | | | | |
| ४. | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति न्यूनबाट ) उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने | | | | | |
| ५. | प्रशिक्षक/रोस्टर प्रशिक्षक/शिक्षा अधिकृत/प्रधानाध्यापकबाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक तालिम ) (अवधिभर | | | | | |

……………… ……………… ……………… ………………

मिति शिक्षकको दस्तखत प्रअको दस्तखत विद्यालयको छाप

## परियोजना कार्य ३ : कार्यमूलक अनुसन्धान

- शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा निम्नलिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार पार्ने





**कायमूलक अनुसन्धानका लागि सम्भावित क्षेत्रहरू**

- शिक्षकलाई सिकाइ सहजीकरण गर्न तथा विद्यार्थीलाई सिक्न समस्या भएको विषयवस्तु शिक्षण
- फरक फरक सिकाइ स्तरका विद्यार्थीलाई उनीहरूको सिकाइ स्तरअनुसार शिक्षण
- विद्यार्थीका सिकाइ शैलीका आधारमा शिक्षण
- विद्यार्थीमा नेतृत्व क्षमता विकास
- विद्यार्थीको सिकाइमा सक्रिय सहभागिता
- कक्षामा शिक्षक र विद्यार्थीबिच अन्तर्क्रिया
- विद्यार्थीमा समालोचनात्मक चिन्तन विकास
- विद्यार्थी मूल्याङ्कन

- विद्यार्थी उपस्थिति
- विद्यार्थीमा सकारात्मक अनुशासन
- विद्यार्थीमा सहयोगी भावनाको विकास
- सिकाइमा विद्यार्थी उत्प्रेरणा
- विद्यार्थीमा स्वनिर्देशित सिकाइको बानी बसाउन
- विद्यार्थीमा सकारात्मक सोच विकास
- विद्यार्थीलाई उनीहरूको सिकाइप्रति जम्मेवार बनाउने
- विद्यार्थीमा सिकाइ संस्कृतिको विकास
- कक्षा व्यवस्थापन

**परियोजना कार्य ४ : पाठ अध्ययन (Lesson Study)**

- शिक्षण तथा विद्यार्थीको सिकाइमा केन्द्रित भई शिक्षकले आफ्नो शिक्षणमा सुधार ल्याउन समूहमा कुनै एउटा पाठ शिक्षणका लागि दिइएका चक्रअनुसार पाठ अध्ययन गरी सोको प्रतिवेदन समेत तयार गर्ने



**परियोजना कार्य ५ : सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग**

- कुनै पाठ शिक्षणका लागि उपयुक्त वेवबेस सामग्रीको खोजी तथा सङ्कलन वा डिजिटल सामग्रीको खोजी, निर्माण तथा सम्पादन वा सफ्टवेयरहरूको पहिचान गर्ने
- खोजी, सङ्कलन, निर्माण तथा सम्पादन गरिएका ती सूचना तथा सञ्चार प्रविधिका सामग्री प्रयोग गरी पाठ शिक्षण गर्ने
- ती सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीको सिकाइमा परेको प्रभाव तथा शिक्षण अनुभवसहितको प्रतिवेदन तयार गर्ने

**परियोजना कार्य ६ : प्रारम्भिक बाल विकास तथा शिक्षाको शिक्षाणमा पूरक सामग्रीको उपयोग**

- कुनै पाठ वा विषयवस्तु शिक्षणका लागि उपयुक्त पूरक सामग्री (सन्दर्भ सामग्री जस्तै : स्रोत सामग्री, थप पाठ्यसामग्री, पत्रपत्रिका, लेख, अनुसन्धान प्रतिवेदन आदि) को खोजी गर्ने
- शिक्षणमा ती पूरक सामग्री प्रयोग गर्ने
- प्रयोग गरिएका पूरक सामग्री (सन्दर्भ सामग्री) को नाम, प्रयोग गरिएको तरिका र शिक्षण अनुभव र सिकाइमा आएको परिवर्तनसहितको प्रतिवेदन तयार गर्ने

**परियोजना कार्य ७ : प्रारम्भिक बाल विकास तथा शिक्षाको शिक्षणमा विधि, सामग्री तथा विद्यार्थी मूल्याङ्कन आदि सम्बन्धी परियोजना कार्य**

- तालिममा सहभागी शिक्षकले प्रारम्भिक बाल विकास तथा शिक्षाको शिक्षणमा उपयोग हुने शिक्षणका विधि, सामग्री तथा विद्यार्थी मूल्याङ्कन आदि सम्बन्धी दिइएका परियोजना कार्यमध्ये कुनै एउटा परियोजना कार्य सम्पादन गर्नुपर्ने छ :

## १. मूल्याङकनका साधन प्रयोग तथा सिकाइ सुधार योजना

- बालविकास तथा शिक्षाका लागि प्रारम्भिक विकास तथा सिकाइ मापदण्डअनुरूप मूल्याङकनका साधनको प्रयोग गर्ने
- बालबालिकाको क्रियाकलापका आधारमा पोर्टफोलियो निर्माण गर्ने
- ती सिकाइ सहजीकरणका क्रममा आवश्यक सिकाइ सुधारको योजना तयार गर्ने
- मूल्याङ्कनका क्रममा सिर्जित समस्या र समाधानका उपायसमेत समेटी प्रतिवेदन तयार गर्ने
- बालविकास तथा शिक्षाका लागि प्रारम्भिक विकास तथा सिकाइ मापदण्डअनुरूप मूल्याङ्कनका साधनको प्रयोग गर्ने
- बालबालिकाका क्रियाकलापका आधारमा पोर्टफोलियो निर्माण गर्ने
- ती सिकाइ सहजीकरणका क्रममा आवश्यक सिकाइ सुधारको योजना तयार गर्ने
- मूल्याङकनका क्रममा सिर्जित समस्या र समाधानका उपायसमेत समेटी प्रतिवेदन तयार गर्ने ।

## २. स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीको निर्माण र प्रयोग गरी शिक्षण

- स्थानीय रूपमा उपलब्ध हुने सामग्रीको सूची तयार गर्ने
- सामग्री निर्माणका लागि चाहिने कच्चा पदार्थ सङ्कलन गर्ने
- सङ्कलित कच्चा पदार्थको प्रयोग गरी सामग्री निर्माण गर्ने
- निर्माण गरिएका सामग्रीहरू बालविकास केन्द्रमा प्रर्दशन तथा प्रयोग गर्ने
- सामग्री निर्माण प्रक्रिया र प्रयोगका पक्ष समेटेर प्रतिवेदन तयार गर्ने ।

## ३. कुनै एक विषयक्षेत्रमा आधारित सामग्री निर्माण र प्रयोग

- घरपालुवा जनावरसम्बन्धी गीत, कविता, कथा, चित्रकथा सङ्कलन गर्ने

- घरपालुवा जनावरका विभिन्न चित्रपत्ती, शब्दपत्ती, डोमिनो, पजल बनाउने
- सङ्कलन तथा तयार गरिएका सामग्री प्रयोग गरी सिकाइ सहजीकरण गर्ने
- बालबालिकाको सिकाइ अवलोकन गरी सिप विकासको मूल्याङ्कन गर्ने
- सामग्री निर्माण प्रक्रिया, सहजीकरण क्रियाकलाप, बालबालिकाको सिकाइ र आफ्नो अनुभवसमेत समेटी प्रतिवेदन तयार गर्ने ।

**४ . कलासम्बन्धी कुनै सिकाइ क्षेत्रमा आधारित सामग्री निर्माण र प्रयोग**

- माटो, प्लेडो, रङ आदि सामग्री सङ्कलन गर्ने
- सङ्कलन गरिएका सामग्री बालबालिकालाई स्वतन्त्र रूपमा आफूलाई मन पर्ने सामग्री निर्माण गर्न लगाउने
- बालबालिकाले निर्माण गरेका सामग्री प्रदर्शन गर्न लगाउने
- बालबालिकाका अनुभव बताउन लगाउने
- बालबालिकामा भएको सिकाइ अवलोकन गरी सहजीकरणका अनुभवसमेत समेटी प्रतिवेदन तयार गर्ने ।

ΩΩΩ